# एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
# NLG INSURANCE COMPANY LIMITED

पो.ब.नं. २०६००, लाजिम्पाट, काठमाण्डौं, फोन नं. ४००६६२५, ४४४२६४६, ४४१८११३
इमेल : info@nlgi.com.np, वेभसाईट www.nlgi.com.np

## आ.व. २०७८/०७९ को तेश्रो त्रैमासिक सम्मको लेखापरीक्षण नभएको वित्तीय परिणाम

(रकम रु. हजारमा)

### वासलात

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| **१.** | **श्रोत (१.१ देखि १.५ सम्म )** | **२,७६७,५४६** | **२,६९९,७२८** | **२,५६३,१५२** |
| १.१ | चुक्ता पूँजी | १,२०६,०१३ | १,२०६,०१३ | १,०९६,३७६ |
| १.२ | जगेडा तथा कोष | ३९९,८९२ | ३६५,९८३ | ४२२,८५७ |
| १.३ | बीमा कोष | १,११०,४०२ | १,०७६,४९३ | १,००२,७१२ |
| १.४ | महा-विपत्ती जगेडा | ५१,२३९ | ५१,२३९ | ४१,२०८ |
| १.५ | तिर्न बाँकी दीर्घकालीन ऋण तथा सापटी | – | – | – |
| **२.** | **उपयोग ( २.१ देखि २.६ सम्म )** | **२,७६७,५४६** | **२,६९९,७२८** | **२,५६३,१५२** |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३४,७२० | ३५,४२० | १९,४५८ |
| २.२ | दिर्घकालिन लगानी | ५३०,६३२ | ५३४,२०५ | ५३६,५४७ |
| २.३ | दिर्घकालिन कर्जा | २४,४९४ | २३,१६६ | ३०,५४५ |
| **२.४** | **खुद चालु सम्पत्ति (३ – ४)** | **२,१७७,६९९** | **२,१०६,९३७** | **१,९७६,६०२** |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | – | – | – |
| २.६ | नाफा-नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | **खुद चालु सम्पत्तिको विवरण** | | | |
| **३.** | **चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु ( ३.१ देखि ३.४ सम्म)** | **३,६२५,४५०** | **३,६५६,४५०** | **३,६०३,६८२** |
| ३.१ | नगद तथा बैंक मौज्दात | १०२,५५३ | १२२,२०८ | २६६,०८८ |
| ३.२ | अल्पकालिन लगानी | २,०७४,२१२ | २,१४९,१०२ | २,०६०,०९४ |
| ३.३ | अल्पकालिन कर्जा | ३,०४७ | ३,२७८ | २,८१५ |
| ३.४ | अन्य सम्पत्ति | १,४४५,६३८ | १,३८१,८६२ | १,२७४,६८६ |
| **४.** | **चालु दायित्व तथा व्यवस्थाहरु ( ४.१ देखि ४.४ सम्म)** | **१,४४७,७५०** | **१,५४९,५१३** | **१,६२७,०८१** |
| ४.१ | चालु दायित्व | ३६९,५८० | ३७३,२९१ | २८३,८९० |
| ४.२ | असमाप्त जोखिम बापत व्यवस्था | ४४१,१९० | ४९८,७४९ | ६१५,०६२ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २६५,२८७ | ३०२,७०१ | १३६,१४७ |
| ४.४ | अन्य व्यवस्था | ३७१,६९३ | ३७४,७७२ | ५९१,९८१ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| **१.** | **आम्दानी ( १.१ देखि १.४ सम्म )** | **२९५,८४५** | **१८०,०६३** | **३७१,४९४** |
| १.१ | आय ब्यय हिसाबबाट सारेको | १७८,०५७ | १०२,७१५ | २२३,१९६ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | १०८,१४४ | ७७,३४८ | १४१,२९८ |
| १.३ | व्यवस्था फिर्ता | ९,६४३ | – | ७,००० |
| १.४ | अन्य आम्दानी | – | – | – |
| **२.** | **व्यवस्था तथा खर्चहरु ( २.१ देखि २.८ सम्म )** | **१२५,१०३** | **७७,१३९** | **१५८,६९१** |
| २.१ | व्यवस्थापन खर्च | २३,७८४ | १५,३९४ | १८,६२८ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | शेयर सम्बन्धी खर्च | ६६४ | ६६४ | १,४७६ |
| २.४ | अन्य खर्च | – | – | – |
| २.५ | नोक्सानीको लागि व्यवस्था | ७,२५४ | ३,५३५ | १२,०४६ |
| २.६ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.७ | कर्मचारी बोनस व्यवस्था | २६,४१४ | १६,०४७ | ३३,९३४ |
| २.८ | आयकर | ६६,९८८ | ४१,४९९ | ९२,६०७ |
| **३.** | **खुद नाफा/नोक्सान (१ – २)** | **१७०,७४२** | **१०२,९२४** | **२१२,८०३** |

### एकिकृत आय व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| **१.** | **आय ( १.१ देखि १.६ सम्म )** | **१,५५६,९५५** | **१,३१०,१११** | **१,५८८,५१७** |
| १.१ | बीमा शुल्क ( खुद) | ५५७,८६४ | ४२७,१५१ | ८५३,६५६ |
| १.२ | पुनर्बीमा कमिशन आय | २७४,७२५ | १८१,६७७ | २२५,४८७ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ५०,५०९ | ३०,३९९ | ७२,८९२ |
| १.४ | अन्य प्रत्यक्ष आय | ७,८२२ | ४,८४९ | – |
| १.५ | त्रैमासिकको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ३२२,५९२ | ३२२,५९२ | १३६,८६२ |
| १.६ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३४३,४४३ | ३४३,४४३ | २९९,६१९ |
| **२.** | **व्यय ( २.१ देखि २.८ सम्म )** | **१,३७८,८९८** | **१,२०७,३९६** | **१,३६५,३२१** |
| २.१ | दावी भुक्तानी ( खुद) | ४११,२९९ | २३७,०५५ | ३८१,३२८ |
| २.२ | अभिकर्ता कमिशन | ४५,०३९ | ३०,५८३ | ५२,११७ |
| २.३ | पुनर्बीमा कमिशन खर्च | ५६४ | ४७० | ६,८६८ |
| २.४ | सेवा शुल्क (खुद) | ५,५७९ | ४,२७२ | ८,५३७ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | २,५५२ | १,६८२ | ४,२३६ |
| २.६ | व्यवस्थापन खर्च | २१४,०५२ | १३८,५४८ | १६७,६४९ |
| २.७ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | २६५,२८७ | ३०२,७०१ | १३६,१४७ |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | ४३४,५२६ | ४९२,०८५ | ६०८,४४० |
| **३.** | **नाफा-नोक्सान हिसाबमा सारेको (१ – २)** | **१७८,०५७** | **१०२,७१५** | **२२३,१९६** |

### अन्य

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | बीमा शुल्क आर्जन (कूल) (रकम रु. हजारमा) | १,७७१,८७२ | १,२००,४४२ | १,६९१,४२२ |
| २. | जारी बीमालेखको संख्या | १६९,६३७ | ११४,६५१ | १६८,२२८ |
| ३. | नवीकरण गरिएको बीमालेखको संख्या | ३६,८२१ | २४,७८८ | ३३,८२० |
| ४. | कुल दावी भुक्तानीको रकम (रु. हजारमा) | १,०६९,३२७ | ६८०,४९८ | १,०७७,६४३ |
| ५. | कुल दावी भुक्तानी संख्यामा | ८,०७२ | ५,२४० | ६,१९४ |
| ६. | भुक्तानी हुन बाँकी दावी भुक्तानी (रु. हजारमा) | १,७५२,४४१ | १,७३२,९६३ | ९८९,०५० |
| ७. | भुक्तानी हुन बाँकी दावी भुक्तानी संख्यामा | ६,९०८ | ७,२२० | ६,१३० |

नोट : यस त्रैमासिक भन्दा अघिल्लो त्रैमासिकहरुको वित्तीय विवरण आवश्यकतानुसार पूनः बर्गिकरण तथा संशोधन गरी प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७८/०७९ को तेश्रो त्रैमासिक (२०७८ चैत्र मसान्त) सम्मको प्रतिवेदन

**(१) वित्तीय विवरण** :

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण।
यस कम्पनीको आ.व. २०७८/०७९ को तेश्रो त्रैमासिक अवधि सम्मको लेखापरीक्षण नभएको (Provisional) वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाव विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (EPS) रु. | मूल्य आम्दानी अनुपात (PE Ratio) | प्रति शेयर नेटवर्थ रु. | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात |
|---|---|---|---|---|
| **१८.८८** | **४०.६८** | **२२९.४८** | **३४९.५२** | **२.५०** |

**(२) व्यवस्थापकीय विश्लेषण** :
स्तरीय सेवाका कारण बीमितहरुको विश्वास हासिल गर्न यो कम्पनी सफल भएको छ। यसैले कम्पनीको बीमा व्यवसाय निरन्तर रुपमा बृद्धि हुदै गईरहेको छ। समीक्षा अवधिसम्मको बीमा व्यवसाय मुनाफामा नै रहेको छ। आगामी दिनहरुमा सबै क्षेत्रहरुमा अझ बढि सेवा विस्तार गर्दै जाने रणनीति कम्पनीले लिएको छ। कम्पनीको चालु वर्षको तेश्रो त्रैमासिकको अन्त्य सम्मको अवस्थामा गत वर्षको सोही अवधिको तुलनामा ४.७६ प्रतिशतले बीमा शुल्क बृद्धि भएको छ भने सोही अवधिमा कम्पनीले जारी गरेको बीमालेखमा परेको बीमा दावीको अनुपातमा बृद्धि हुँदै गई रहेको हूँदा खुद नाफा गत वर्षको सोही अवधिको भन्दा १९.७७ प्रतिशतले न्यून हुन पुगेको छ। उक्त बीमा दावीहरुको व्यवस्थापन विश्वसनीय तरिकाले छिटो छरितो प्रभावकारी रुपमा गरिने रणनीति समेत कम्पनीले लिएको छ।

**(३) कानूनी कारवाही सम्बन्धी विवरण** :
क) यस त्रैमासिकको अवधिमा कम्पनीको तर्फबाट तथा कम्पनी विरुद्धमा कुनै मुद्दा दायर नभएको।
ख) यस त्रैमासिकको अवधिमा कम्पनीको संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।
ग) यस त्रैमासिकको अवधिमा कुनै संस्थापक वा संचालक विरुद्धमा आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

**(४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :
क) शेयर कारोबार धितोपत्र बजारबाट निर्देशित रहने भएता पनि यस कम्पनीको शेयर कारोबार दोश्रो बजारमा सकारात्मक रहेको छ। लगानीकर्ताहरुको यस संस्था प्रतिको बिश्वास उच्च रहेको हुँदा कम्पनीको व्यबसायिक अभिबृद्धि संगै कारोबार तथा मूल्य सकारात्मक तर्फ उन्मुख भएको हुँदा भविष्यमा समेत सोही अनुरुप हुने अपेक्षा गरिएको छ।
ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार मिति २०७८/१०/०१ देखि २०७८/१२/३० सम्मको अवधिमा संस्थाको शेयरको कारोबार विवरण देहाय अनुसार छ।

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार संख्या | कारोबारको कुल दिन | कारोवार भएको शेयर संख्या | शेयर कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|
| **१०१२** | **७३०** | **७६८** | **५४६७** | **५८** | **७,२३,०४१** | **६४,७५,९१,८९५.५०** |

**(५) समस्या तथा चुनौति** :
यस आर्थिक वर्षको तेश्रो त्रैमासको अन्त्य सम्ममा मुलुकमा विदेशी मुद्रा भित्रिने बृद्धिदरमा न्युन भएको अवस्थामा मुलुकको विदेशी मुद्रा संचितीमा आएको गिरावट लगायत बढ्दो व्यापार घाटाको अवस्थाले गर्दा आयातमा गरिएको प्रतिवन्ध तथा पूँजी बजार फस्टाउन नसकेको अवस्था, बैंक तथा वित्तीय संस्थाहरुले तरलताको संकटले थप कर्जा प्रबाह गर्न नसकिरहेको अवस्था, अनियन्त्रित मुद्रास्फीति लगायत बेमौसमी वर्षाका कारण भएको बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको प्रभावका कारण आर्थिक क्षेत्र लगायत बीमा क्षेत्रमा समेत थप चुनौती देखापरेको छ। यसका साथै बीमा क्षेत्र आधारभूत आवश्यकता भित्र परिसकेको वर्तमान परिस्थितिमा निर्जीवन बीमा कम्पनीहरु बीच दिनानुदिन बढ्दो प्रतिस्पर्धा थप चुनौतीपूर्ण बन्नुका साथै मुद्रास्फितिका कारण संचालन खर्चहरुमा बृद्धि हुँदै जानु तथा पुनर्बीमा जोखिमहरुको पर्याप्त बन्दोबस्त नहुनु र जनचेतना उल्लेख्य रुपमा अभिवृद्धि नहुनु प्रमुख समस्याको रुपमा रहेको छ भने ग्रामीण क्षेत्रमा यसको विस्तार अझ चुनौतिपूर्ण रहेको छ। अतः बीमाको आवश्यकता, महत्व तथा अनिवार्यताका लागि सम्बन्धित सबैले आ-आफ्नो क्षेत्रबाट सक्रिय रुपमा प्रचार प्रसार गरी जनचेतना जगाउन लाग्नु पर्ने देखिन्छ भने ग्राहकहरुलाई स्तरीय, छिटो/छरितो तथा प्रभावकारी सेवा दिनु अपरिहार्य भएको अवस्थामा कार्यरत कर्मचारीहरुलाई थप दक्ष तथा प्रोत्साहित बनाउने नीति अवलम्बन गरिदै आइएको छ। प्राकृतिक प्रकोप तथा मोटर दुर्घटनाको संख्या अत्यधिक रुपमा बढेको देखिएको छ। यसमा मूख्य रुपमा जोखिम मूल्याङ्कन प्रणालीलाई परिष्कृत गर्दै पुनर्बीमासंग गरिने सम्झौतामा पुनरावलोकन गरी अगाडि बढ्नु पर्ने देखिएको छ।

**(६) संस्थागत सुशासन** :
संस्थागत सुशासनका लागि कम्पनी सदैब प्रतिबद्ध रही बीमा ऐन, बीमा नियमावली तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिकाको पालना गरिएको छ। सो का साथै बीमा समितिद्वारा समय समयमा जारी निर्देशिका र आन्तरिक विनियमावली तथा प्रणालीको पालनाका लागि आन्तरिक लेखापरीक्षण समेत गर्दै आएको छ।

**(७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा पेश गरेको विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्यपूर्ण छन् र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

## 'सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम ३' बमोजिमको प्रयोजनका लागि यो विवरण प्रकाशित गरिएको छ।

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | निकायको स्वरुप र प्रकृति | प्रचलित कम्पनी ऐन, र बीमा ऐन, अन्तर्गत दर्ता भई सञ्चालित बीमा कम्पनी। |
| ख. | निकायको काम, कर्तव्य, अधिकार | बीमा ऐन, २०४९ बीमा नियमावली, २०४९ कम्पनीको प्रबन्ध पत्र एवं नियमावलीमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य, अधिकार |
| ग. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | कम्पनीमा हाल स्थायी, अस्थायी र करार समेत गरी जम्मा ४०९ कर्मचारी कार्यरत रहेको। |
| घ. | निकायबाट प्रदान गरिने सेवा | बीमा ऐन, २०४९ बमोजिम निर्जीवन बीमा कम्पनीले प्रदान गर्ने सम्पूर्ण बीमा सेवाहरु |
| ङ. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी। | सेवा प्रदान गर्ने कम्पनीका शाखा र जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेभ साईट www.nlgi.com.np मा उपलब्ध छ। |
| च. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुरका सम्बन्धमा बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, बीमा समितिले तोकेको दर तथा कम्पनीको व्यवस्थापनबाट निर्धारण गरे बमोजिम रहेको छ र अवधिको हकमा बीमालेख तथा ग्राहकको आवश्यकता अनुसार। |
| छ. | निर्णय गर्ने प्रकृया र अधिकारी | बीमा कारोबारका सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था वा प्रकृया रहेको छ। प्रमुख कार्यकारी अधिकृत तथा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको। |
| ज. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | उजुरीको प्रकृति अनुसार प्रमुख कार्यकारी अधिकृत एवं सम्बन्धित विभागीय प्रमुखहरु। |
| झ. | सम्पादन गरेको कामको विवरण | बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा बीमा समितिबाट समय-समयमा जारी भएका निर्देशन तथा परिपत्र बमोजिम निर्जीवन बीमा कम्पनीले गर्न सक्ने कारोबार सम्पादन भइरहेको छ। |
| ञ. | सूचना अधिकारी र प्रमुखको नाम र पद | श्री नौमीनाथ अधिकारी (प्रमुख प्रशासन विभाग)<br>श्री सुनिल बल्लभ पन्त (प्रमुख कार्यकारी अधिकृत) |
| ट. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६३, बीमा समितिबाट जारी भएका निर्देशिकाहरु, परिपत्रहरु, आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०४९ तथा श्रम नियमावली, २०५० लगायत अन्य प्रचलित सबै ऐन तथा नियमावलीहरु। |
| ठ. | आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | संस्थाको आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि त्रैमासिक अद्यावधिक विवरणहरु तोकिएको ढाँचामा राष्ट्रियस्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको छ। |
| ड. | तोकिए बमोजिमका अन्य विवरण | श्री बीमा समितिले तोके बमोजिमका विवरणहरु। |
| ढ. | अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण। | अभिकर्ताहरुको भेला तथा तालिम, वार्षिक साधारण सभा, कर्मचारीहरुलाई तालिम आदि। |
| ण. | सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण। | www.nlgi.com.np |
| त. | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण। | स्थानीय र राष्ट्रियस्तरका पत्रिकाहरुमा आवश्यकता अनुसार प्रकाशन गर्ने गरिएको छ। |

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
NLG INSURANCE COMPANY LIMITED
पो.ब.नं. २०६००, लाजिम्पाट, काठमाण्डौं, फोन नं. ४००६६२५, ४४४२६४६, ४४१८११३
इमेल : info@nlgi.com.np, वेभसाईट www.nlgi.com.np